

# चितवनमा नेपाली सेनाद्धारा चेपाङ्ग युवाहरु माथि यातना र एकजना यातना पीडितको मृत्यु सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन

प्रतिवेदन सार्वजनिक मितिः २०७७ भाद्र ३१ गते

---

इन्सेक, एड्भोकेसी फोरम, थर्ड एलायन्स (अनुगमनकर्ता) र आईसिजे (पर्यवेक्षक)

**चितवनमा चेपाङ समुदायका दुईजना महिला सहित सात जना युवाहरूलाई सेनाले दिएको यातना तथा दुर्व्यवहार र तीमध्ये यातना पीडित राजकुमार चेपाङको मृत्यु भएको घटनाको स्थलगत भ्रमण गरी तयार पारिएको प्रतिवेदन**

**<u>घटना अध्ययन टोलीका सदस्यहरू :</u>**

१. कृष्ण गौतम - **अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

२. गणेश भण्डारी - **अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

३. प्रविन कुमार यादव - **तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स)**

४. ओम प्रकाश सेन ठकुरी - **एड्भोकेसी फोरम - नेपाल**

**पर्यवेक्षक:** काशीराम ढुङ्गाना - **इन्टरनेश्नल कमिशन अफ जुरिष्टस् (आइसिजे)**

# बिषय सूची

घटनाबारे संक्षिप्त विवरण.................................................................................... ७

घटना अनुगमन तथा अध्ययन विधि .......................................................................... ८

यातना पीडित, प्रत्यक्षदर्शी तथा पीडित परिवारको बयान.................................................. ९

क. यातना पीडित/प्रत्यक्षदर्शीहरुको भनाई ................................................................. ९

ख. आफन्तको बयान ...........................................................................................११

पीडितलाई न्यायका लागि प्रहरी प्रशासन तथा स्थानीय सरकारको पहल र प्रतिवद्धता ..............१३

घटनाबारे अन्य सम्बन्धित सरोकारवालाहरुको भनाई.....................................................१५

घटनाको बिश्लेषण...................................................................................................१६

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको उल्लङ्घन र प्रचलित कानुनी उपचार .........................१६

न्यायका लागि चालिएका कदमहरु ...........................................................................१७

मुलुकी फौजदारी संहिता २०७४ लागु भए पश्चात सेना संलग्न घटना...............................१९

निष्कर्ष तथा सिफारिस ........................................................................................ २०

निष्कर्ष ........................................................................................................ २१

सिफारिस.......................................................................................................२२

अनुसूची .......................................................................................................२३

# घटनाबारे संक्षिप्त विवरण

२०७७ साउन १ गते साउने संक्रान्ती पर्व थियो । सोही अवसरमा चितवन जिल्ला[1] को स्थानिय ब्लक उद्योगले बिदा दिएको थियो । विदाको सदुपयोग गर्दै सोही दिन दिउँसो करिव १२ बजेतिर मृतक राज कुमार चेपाङ र २ जना महिलासहित ७ जना युवाहरू[2] राप्ती नगरपालिका नजिकैको चितवन राष्ट्रिय निकुञ्ज भित्र प्रवेश गरेका थिए ।

प्रत्यक्षदर्शी तथा पीडित परिवारका अनुसार उनीहरु जंगली फलफुल (अम्बा, निबुवा) र घोंगीको खोजीमा त्यहाँ गएका थिए । उनीहरुले कुनै हातहतियार बोकेका थिएनन् । निकुञ्ज भित्रको खोलामा घोंगी खोजीरहेको अवस्थामा दिउँसो अन्दाजी १ बजेतिर एकजना सेनाका मान्छे त्यहाँ आए र ती सातै जनालाई पक्राउ गरी जंगलमा किन आएको भन्दै केरकार गरे । उनले पाँचैजना पुरुषहरुलाई एक एक गरी आफु नजिक बोलाए र हातमा लिइराखेको घुँडासम्म आउने जुत्ता (पानी बुट) र लाठिले पालैपालो कुटपिट गरे । भुईमा सुत्न लगाएर ढाडमा हिर्काए । लात्तीले हाने र कुल्चिए । १०० पटकसम्म उठबस र पुसअप गर्न लगाए । त्यसपछि ठूला ठूला मुढा बोकाउदै निकुञ्ज कार्यालयमा लिएर गए । निज सेनाले महिलाहरूलाई कुटपिट नगरे पनि अश्लिल शब्द प्रयोग गरी गालिगलौज गरे । त्यसपछि अन्य जुनियर सेनालाई पनि फोन गरी बोलाएकाले केहीबेरमा ५ जना थप सेनाहरु आए । उनीहरु यातना दिने सेना भन्दा जुनियर जस्ता देखिन्थे किनकी उनीहरु घटनास्थलमा आए पनि यातनामा संलग्न भएनन् । त्यसपछि ती सेनाले पक्राउ परेका निज ७ जनालाई लिएर निकुञ्ज प्रशासनलाई बुझाए । निकुञ्ज प्रशासनले उनीहरुलाई करिव २ घण्टा नियन्त्रणमा राख्यो । सातैजनाको फोटो खिची नाम ठेगाना लगायतको व्यक्तिगत विवरण लेखी जनही १००० रुपियाँ (एक हजार रुपैयाँ) जरिवाना तिर्नुपर्ने बताए । तर पीडितहरूले उनीहरुसँग त्यत्रो पैसा नभएको भन्दै जरिवाना नगर्न अनुनय विनय गरेपछि रु ५०० तिर्ने शर्तमा नियन्त्रणमुक्त भए ।

निकुञ्ज प्रशासनबाट नियन्त्रणमुक्त भई घर फर्कदै गर्दा उक्त यातनाका कारण राजकुमार चेपाङ्ग हिड्न सकेनन् । उनी हिड्न नसक्ने भएपछि अन्य साथीहरूले दुई तिरवाट सहारा दिंदै, बोक्दै घरसम्म पुऱ्याए । यातनाको असरले उनलाई थला पार्दै लग्यो । परिवारले घरेलु उपचार त गऱ्यो तर सन्चो भएन् । मिति २०७७ श्रावण ८ गते विहान परिवारले राजकुमार चेपाङ्गलाई उपचारकोलागि भरतपुर अस्पताल लैजादै गर्दा बाटोमा नै उनको मृत्यु भयो ।

---

[1] चितवन जिल्ला काठमाण्डौं देखी किरव ९७ कि.मी. पश्चिम बागमती प्रदेशमा अवस्थित छ । जम्मा २२३८.३९ बर्ग कि.मी. मा फैलिएको यस जिल्लामा पुर्व पश्चिम भई बग्ने राप्ती नदि धादिङ तथा मकवानपुर जिल्ला र पश्चिम उत्तरमा भई बग्ने नारायणी नदीले नवलपरासी, तनहुँ र गारर्खा जिल्लाको सिमानाको रुपमा रहेका छन् । यस जिल्लामा ९०८.७९ बर्ग कि.मी.मा फैलिएको देशकै पहिलो राष्ट्रिय निकुञ्ज "चितवन राष्ट्रिय निकुञ्ज" र दोश्रो ठुलो सहर "भरतपुर" पर्दछन् । त्यसैगरी बाहुन, क्षेत्री, गुरुङ, तामाङ, नेवार, थारु लगायत देशकै लोपोन्मुख समुदाय मध्येको एक "चेपाङ समुदाय" बसोबास रहेको यस जिल्लाको जनसंख्या करिव ६ लाख छ । (तथ्यांक कार्यालय चितवनद्धारा प्रकाशित जिल्ला वस्तुस्थिती विश्लेषण)

[22] चितवन, राप्ती नगरपालीका-२, मिलनटोलका राजकुमार चेपाङ (२४), सन्तोष चेपाङ (२५), बमबहादुर मगर (३२), दिलमाया चेपाङ (२५), माया राई, पूर्ण चेपाङ (२३), सन्तलाल प्रजा(३२), बमबहादुर मगर (३२) र गोपीराम प्रजा (३२)

# घटना अनुगमन तथा अध्ययन विधि

**अध्ययन विधि**

- ✓ घटनास्थल भ्रमण, पीडित, पीडित परिवार र प्रत्यक्षदर्शीहरुसँग अन्तरवार्ता,
- ✓ जिल्लास्थित प्रशासन कार्यालय, नेपाल प्रहरी र स्थानीय सरकारका प्रतिनिधीहरुसँग अन्तरवार्ता,
- ✓ जिल्लास्थित सरोकारवालाहरूसँग भेटघाट तथा छलफल,
- ✓ घटनाका बारेमा प्रकाशित समाचार तथा अन्य सामाग्रीको अध्ययन,
- ✓ सम्बन्धित ऐन, कानून तथा दस्तावेजहरुको अध्ययन एवं विश्लेषण,
- ✓ जाहेरी दरखास्त र ज्ञापन पत्र लगायत कागज प्रमाणहरुको अध्ययन ।

**भ्रमण गरिएका स्थानहरू र भेटिएका व्यक्तिहरू :**

पीडितको घर परिवार, घटनाका घाइतेहरू र प्रत्यक्षदर्शीहरू, आफन्त र गाउँलेहरू, पत्रकार महासंघ चितवन र घटनाबारे रिपोटिङ्ग गर्ने पत्रकारहरू, वडा कार्यालय, स्थानिय मेडिकल, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय ।

# यातना पीडित, प्रत्यक्षदर्शी तथा पीडित परिवारको बयान

## क. यातना पीडित/प्रत्यक्षदर्शीहरुको भनाई

राजकुमार मेरो मामाको छोरो हो । हामी छिमेकी पनि हौं । हामीसँगै काम गर्‍यौं । साउन १ गते छुट्टिको दिन घोंगी र फलफूल टिप्न २ जना भाउजुहरू सहित हामी ७ जना उक्त दिन दिउँसोको अन्दाजी १२ बजेतिर निकुञ्जको जंगलमा गएका थियौं । घरेलु हतियार समेत जाँदा निकुञ्जले कारबाही गर्छ त्यसैले कुनै पनि किसिमको हतियार लिएका थिएनौं । जंगलमा केहि निबुवा भेट्टाएर टिप्यौं । जंगल भित्रको खोल्सा खोल्सीमा घोंगी खोज्दै गइरहेका थियौं ।

एकजना सेनाले हामीलाई पिछा गर्दैरहेछ । दिनको अन्दाजी १ बजेतिर एक्कासी त्यो सेनाको मान्छे हाम्रो अगाडि देखा पर्‍यो र को हौ तिमीहरू ? कहाँवाट जंगलमा आएको ? किन आएको ? भन्दै आफुतिर बोलायो । पहिला निरज मगर दाई गयो । दाईलाई उसले हातमा समाई राखेको घुँडासम्म आउने बुट जुत्ताले एक्कासी गर्धनमा हान्यो । निरज दाई त्यही ढल्नु भयो । खोल्सामा घुँडासम्म पानी थियो । उसले निरज दाईलाई खोल्सामा सुत भन्यो । त्यसपछि मलाई यहाँ आईजा भन्यो र मलाई पनि त्यही जुत्ताले गर्धनमा हान्यो । त्यही खोल्सामा भएको लाठी उठायो र ढाडमा हान्यो । म पनि त्यही पानी भएको खोल्सामा ढलें । त्यसपछि अरुलाई पनि बोलाएर पानीमा घोप्टो परेर सुत्न लगायो र सबैको ढाडमा लाठीले जथाभावी कुट्न थाल्यो । हामीलाई त्यसरी कुटपिट गरेको देखेर भाउजुहरू रुँदै नपिट्नुस भन्दै बिन्ती गर्दा सेनाको मान्छे रिसाएर भाउजुहरूलाई पनि अश्लिल शब्द प्रयोग गरी गालीगलौज गर्‍यो । कुटपिट गर्दा कहिले लाठीले जोडले हान्ने, कहिले लात्तिले हान्ने त कहिले कुल्चिने, खुट्टाले थिच्ने गर्थ्यो । हामीलाई त्यहाँ अन्दाजी १०, १५ मिनेट जति त्यसरी कुटपिट गरे पछि ल हिड् भनेर खोल्सै खोल्सा अन्दाजी एक डेढ किलोमिटर परसम्म हिडाएर लग्यो । त्यसरी हिड्दा जंगलमा हात्तीलाई बोकाउन राखिएका मुढाहरू बोक्न लगायो । मुढा ठूलो छ एक्लै बोक्न सक्दैनौ सर दुईजना भएर बोक्छौं भन्दा झन कुटपिट गर्ने, बोकिनस भने यहीं मारीदिन्छु भन्ने गर्थ्यो । तिमीहरूलाई मारेपनि मलाई केहि हुन्न भन्थ्यो । हामी डरले सकि नसकी मुढा बोक्दै गयौं । भाउजुहरूलाई पनि दाउरा बोक्न लगायो ।

एकठाउँमा जंगली हात्ती आएको जस्तो मानेर उसले हामी सबैलाई अगाडी नबढ्न भन्दै बाटोमा नै बस्न भन्यो । फोन गरी थप मान्छेहरू बोलायो । केही समय पछि ५ जना सेनाका मान्छेहरू आइपुगे । त्यसपछि हामी ५ जना केटाहरूलाई फेरी भुईमा घोप्टो परेर सुत्न लगायो र हरियो डाला भाँच्दै हामी सबैलाई जथाभावी कुटपिट गर्न थाल्यो । कुट्दा क्रस गरेर कुट्थ्यो । हामी सबैजना पीडाले चिच्याउँदै नपिट्न अनुरोध गर्दा झन बढी कुट्थ्यो । त्यहाँ हामीलाई अन्दाजी २०, २५ मिनेट जति कुटपिट गर्‍यो । त्यसपछि हामीलाई १०० पटकसम्म छिटो छिटो उत्तानो सुत्ने, उठ्ने र घोप्टो सुत्ने गर्न पठायो । नसकेर ढिलो गरेमा लाठिले कुट्ने गर्थ्यो । अन्य सैनिकहरूले हामीलाई केहि गरेन र केहि बोलेन पनि । तिनीहरू हामीलाई कुटपिट गर्ने सैनिक भन्दा जुनियरहरू थिए सायद ।

त्यसपछि हामीलाई फेरी हामीले बोकिल्याएको मुढाहरू बोक्न लगायो र हिडाएर निकुञ्जको कार्यालयमा लग्यो । कार्यालयको पछाडिको हिलो भएको अप्ठ्यारो बाटोवाट हिडाएर उक्त हामीले बोकी ल्याएको मुढा राख्न लगायो । त्यसपछि निकुञ्ज प्रशासन कार्यालयमा लग्यो । प्रशासनमा हाम्रो फोटो खिचियो, नाम थर लेखियो र हामीले टिपेको निबुवा र घोंगी देखाउन लगाईयो । हामीलाई कुटपिट गर्ने सेनाले निकुञ्ज प्रशासन कार्यालयका अधिकारीहरु सामु कुटपिट बारे बोल्न खोज्दा बढि बोल्छस भन्दै हामीलाई बोल्नै दिएन् । निकुञ्ज प्रशासनका मान्छेले पनि जे भए पनि यस्तरी त कुट्न नहुने हो भन्दै थियो ।

निकुञ्ज प्रशासनले हामीलाई जनही रु १००० (एक हजार रुपैयाँ) जरिवाना तिर्नु पर्छ भन्यो । तर हामी गरिबहरूसँग त्यत्रो पैसा कहाँ हुनु भनेर अनुनय विनय गरेपछि जनही रु ५०० (पाँच सय रुपैयाँ) तिर्नु पर्ने शर्तमा छाड्यो । एउटा कागजमा फोन नम्बर टिपेर दिएको थियो तर मैले त्यो कागज हराएँ । जरिवाना तिर्न नआएमा हामी नै समात्न आउँछौं भनेको थियो । जरिवाना तिर्न आउँछौं भनेर त्यहाँवाट अन्दाजी ५ बजेतिर हिड्यौं । बाटोमा आउँदा राजकुमार

भाई हिड्न सकेन् । कुटपिटले उसलाई निकै नै असर पारेको रहेछ । भाई हिड्न नसके पछि हामीले दायाँ बायाँवाट समातेर हिड्न सहयोग गऱ्यौं । अप्ठयारो ठाउँमा बोकेर पनि सहयोग गऱ्यौं ।

बेलुका मालिस गरेर सुत्यौं । भोलीपल्ट बुवाले औषधी ल्याईदिनु भयो । त्यही खाएर बसें । साउन ४ गते राजकुमार भाईलाई साह्रै गाह्रो भयो र एउटा अटो बोलाएर गाउँकै मेडिकलमा लगेर औषधी गऱ्यौं । तर उसको अवस्था झन झन बिग्रिदै गएकोले साउन ८ गते बिहान ४ बजे तिर एउटा एम्बुलेन्स मगाएर भरतपुर अस्पताल लगेका थियौं तर अस्पताल नपुग्दै बाटैमा बिहानको अन्दाजी ५.३० बजे उसको मृत्यु भयो ।

राजकुमार कुटपिटकै कारणले मरेको हो । यस्तो डर लाग्नेगरी कुटेको थियो की अहिले सम्झँदा पनि डर लागेर आउँछ । अहिले पनि छाती तथा जिऊ दुख्छ । तर दबाई खाने पैसा पनि छैन् । हामीलाई कुटपिट गर्नेलाई कारबाही गर्नु पर्छ । हामीलाई कुटेको डाँम त लुगामा पनि थियो । तर गाउँमा लाज हुने डरले बाटोमै धोएर आयौं । घर गाउँमा पनि सबैलाई भन्न सकिएन् । यातना दिनेलाई कारबाही र हाम्रो औषधी उपचार हुनुपर्छ । हामीलाई जँचाउन भनेर ११ गते बोलाएको थियो । बोलाए बमोजिम हामी भरतपुर अस्पताल गयौं तर डाक्टरले यसो हेरेर मात्र पठायो । पछि एक्सरे गर्ने भनेपछि एक्सरे पनि साउन १४ गते भएको थियो । रिपोर्ट नबनाई केही रहेनछ भनि एक्सरेको रिपोर्ट हेर्नेले एक्सरे सहित पठायो । तर भोलिपल्ट फोन गरेर एक्सेर हेर्ने ठूलो डक्टरले हो, एक्सरे अस्पताल ल्याएर छाड्नु नभए प्रहरीकोमा छाड्नु भन्यो । अनि प्रहरीकोमा बुझाई दिएको थियो । के भयो अरु कुरा त थाहा भएन त्यसपछि ।

**सन्तोष चेपाङ, २५ बर्ष (यातना पीडित/प्रत्यक्षदर्शी)**

हामी खोलाको पानीमा घोगीँ खोज्दै थियौँ । कसैले एकमुठी जति निगुरो मात्र टिपेको थियो होला । एक जना सेना (सेनाको प्यान्ट र सेनाकै भेष्ट लगाएको) आएर एक्कासी कुटपिट गर्न थाल्यो बुट (पानीबुट) ले । हामी पाँचै जनालाई पालैपालो पानीमा घोप्टो पारेर बुट र लाठीले कुटपिट गऱ्यो । हामीसँगै जानु भएका दिदीबहिनीलाई भन्न पनि नमिल्ने नराम्रो शब्दले गाली गऱ्यो । मारी दिन्छु समेत भन्यो । त्यसपछि सेनाको पोष्टमा लाने बेलामा बाटोमा भेटिएको मुढा बोक्न लगायो । कुटपिटले गर्दा हिड्न पनि गाऱ्हो भएको बेलामा उसले भनेको मुढा बोक्न नसक्दा पनि कुटपिट गऱ्यो । पोष्टका अरु सेना पनि आए । हामीलाई पोष्टमा पुऱ्याएपछि एक एक हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने भनियो । हामीले गरिव मान्छे त्यत्रो पैसा तिर्न नसक्ने भनेपछि पाँचपाँच सय रुपैया लिएर भोली आउनु भनि छाडिएको थियो । कुटाई खाएर थला परेको अनि पैसा पनि नभएकोले कहाँबाट अस्पताल जानु । हामी अस्पताल गएनौं । कसैलाई भन्न पनि सकिएन् । घरेलु उपचार गरियो । तर राजकुमार त धेरै गलेको रहेछ । त्यही दिन पनि गाह्रो गरी हिडेको थियो । उतै पनि मुखबाट रगत आएको थियो ।

**गम बहादुर मगर (यातना पीडित/प्रत्यक्षदर्शी)**

हामी २ जना महिलाहरूलाई भने कुटपिट गरेन् । तर ५ जना पुरुषहरूलाई भने निर्मम तरिकाले कुटपिट गरेको देखेर हामीले रुँदै नकुट्न आग्रह गर्दा हामीलाई पनि कुटपिट गर्ने धम्की दिंदै सुन्नै नसकिने अस्लिल शब्द प्रयोग गरी गालीगलौज गऱ्यो । त्यसपछि उठ भनेर खोलाको पाखापाखै हिडाएर लग्यो । पुरुषहरूलाई बाटोमा भेटिएका मुढा बोक्न लगायो र महिलाहरूलाई साना दाउरा बोक्न लगायो । तर मेरो हातमा समस्या भएकोले बोक्न सक्दैन भनें । त्यसपछि मलाई दाउरा बोक्न लगाएन् । निकुञ्जको चौकीमा लैजाने बाटोमा पनि झण्डै आधा घण्टासम्म पक्राउ परेका ५ जना पुरुषहरूलाई भुईमा सुत्न लगायो र एउटा हरियो डाला भाँचेर लौरी बनायो र गालीगलौज गर्दै जथाभावी कुटपिट गरिरहयो । उनीहरूलाई १०० पटक सम्म उत्तानो सुत्ने, उठ्ने र घोप्टो सुत्ने गर्न लगायो । त्यहाँ पनि नकुट्न भन्दा हामीलाई अस्लिल शब्द प्रयोग गरी गाली गऱ्यो । म रुँदै अनुनयबिनय गरेपछि मलाई झन बढी मुख छाड्यो । फेरी मुढा, दाउरा बोक्न लगाएर निकुञ्जको चौकीमा लग्यो । त्यहाँ हाम्रो नाम लेख्यो र त्यस्तै आधा एक घण्टापछि हामीलाई जनही १००० रुपियाँ जरिवाना तिर्नु पर्छ भन्यो । हामीले त्यत्रो पैसा हामीसँग कहाँ हुनु भनेर अनुनय गरेपछि जनही ५०० रुपियाँ जरिवाना तिर्ने शर्तमा हामीलाई छोडिदियो ।
त्यो सैनिक हेर्दा पातलो पातलो अग्लो जिउडालको थियो । हल्का कालो कालो रातो बर्णको थियो । ठूलो ठूलो आँखा भएको अन्दाजी ३५, ४० वर्षको जस्तो देखिन्थ्यो । सूदुरपश्चिमको जस्तो लवज थियो । साथमा हातहतियार थिएन् ।

**दिलमाया चेपाङ, ३५ वर्ष (दुर्व्यवहार/प्रत्यक्षदर्शी)**

## ख. आफन्तको बयान

बेलुका साँझमा छोरो आउँदा हिड्न नसक्ने अवस्थामा थियो । ढाडमा कुटेको डामैडाम (सुम्लो) थियो । हामीले चोट लागेको शरिरमा तेल लगाई सेक्ने काम गऱ्यौ । भोलि पर्सीपल्टबाट झन गाह्रो भयो, पखाला पनि लाग्यो । साउन ४ गते त खोक्दा पनि मुखबाट रगत आयो । त्यसपछि हामीले उपचारका लागि साउन ६ गते स्थानिय राप्ती मेडिकलमा लग्यौं । उक्त मेडिकलले भरतपुर सरकारी अस्पताल लान भनेको थियो तर खर्च नभएर लान नसक्ने भनेपछि तीन दिनलाई औषधी दिएको थियो । तर त्यो औषधीले पनि निको भएन् ।

साउन ७ गते राति राजकुमारलाई धेरै गाह्रो भयो । छटपट छटपट गरिरह्यो । सुत्नै सकेन् । बोल्न पनि सकेन् । अनि राती तीन बजेतिर एम्बुलेन्स खोजेर भरतपुर लाँदै थिएँ । भतिजी र बहिनी गरी हामी तीन जना मिलेर छोरोलाई लिएर एम्बुलेन्समा गएका थियौं । अस्पताल पुऱ्याउन नपाउँदै भरतपुर बसपार्कमा पुगेपछि हेर्दाहेर्दै छोराको प्राण गयो । तै पनि भरतपुर सरकारी अस्पताल लग्यौं । तर अस्पतालको ईमरजेन्सी वार्डमा कार्यरत डाक्टरले मृत्यु भइसक्यो भनेर हामीलाई जानकारी दियो । त्यसपछि प्रहरी आए र लासलाई लासघरमा लगेर राखे ।

मैले ८ गते नै सेनाको कुटपिटबाट छोरा राज कुमारको मृत्यु भएकोले घटनाको छानविन गरी दोषीमाथी कानूनी कारवाही गरीपाँउ भनेर उजुरी दिएको छु । चितवन जिल्ला प्रहरी र सिडिओकोमा के के कुरा भएपछि साउन ११ गते पोष्टमार्टम भरतपुरमा नगर्ने भनेर काठमाडौं पठाईयो । १२ गते शवको पोष्टमार्टम भयो । तर यातनामा संलग्न सेनालाई कारबाही गर्ने र हामी पीडित परिवारलाई राहत दिने विषयमा कुरा नमिलेपछि शव नबुझिकन हामी घर फर्कियौं । तर पछि हामी पीडित पक्षको मानिस र सिडिओ लगायतका सरकारी अधिकारीहरु विचको वार्तामा चितवन निकुञ्ज प्रशासन, सेना र भरतपुर नगरपालिकाले १० लाख दिने र गल्ती गर्ने सैनिकलाई कारबाही गर्ने भनेपछि साउन १७ गते भतिजहरू काठमाडौं गएर त्यही दिन शव बुझेर यहाँ ल्याई भोलिपल्ट स्थानीय डाँडामा दाहसंस्कार गरियो ।



अब त मैले के भन्ने र छोरोलाई कुटपिट गर्नेलाई कारबाही हुनुपर्छ । बुहारी र नातिनीलाई राहत दिनु पऱ्यो । म त के भन्न सक्छु र । न्याय चाहिँ पाउनु पाउनुपर्छ । बच्चालाई पठनपाठनको व्यवस्था हुनुपर्छ ।

एक महिना भित्र बच्चाको जन्म दर्ता गर्ने र हजुरबा (मेरो) र हजुरआमाको नाममा बैंक खाता खोलेर पैसा जम्मा गर्ने सहमति भयो भनिएको छ ।

**मृतक राजकुमार चेपाङको बुवा बिष्णुलाल चेपाङ ४२ वर्ष**

म साउन १ गते ज्याला मजदुरी गर्न गएको थिएँ । बेलुका ५ बजेतिर छोरा घरमा आयो । मलाई त केही भनेन तर अनुहार निकै मलिन देखेको थिएँ । सन्चो नभएको जस्तो देखिन्थ्यो । छोराले सो घटनाको बारेमा बुवालाई चाही भनेको रहेछ । बुवाले मलाई भन्नु भयो । मैले छोरालाई के भयो भनेर सोध्दा केही होइन आमा, तपाईले फेरी गाउँलेहरूलाई भन्नुहुन्छ । फेरी गाउँमा लाज हुन्छ भन्यो । मैले कसैलाई भन्दिन, घाउचोट देखाउ भन्दा कपडा खोलेर देखायो । उसको शरिर भरी निलडाम र चोटपटक थियो । हेर्नै नसक्ने गरी चोटपटक थियो । कुमको जोडमा ठूलो निलडाम थियो । शरिर भरी क्रस परेका सुम्लाहरू थिए । खुट्टामा पनि सुम्लैसुम्ला थिए । मैले यसरी बस्नु हुँदैन बाबु औषधी गर्नुपर्छ भन्दा कहाँको पैसाले औषधी गर्नु र आमा भन्यो । आफै ठिक हुन्छ आमा भन्यो । औषधीमुलो गर्न हामीसँग पैसा पनि थिएन् । तोरीको तेल लगाई मालिस गरिदियौं । मालिस गर्दा जता छोए पनि ऐया ऐया भन्थ्यो । रातभरी राम्रोसँग सुत्न पनि सकेन् । भोलीपल्ट खोच्याएर हिड्ने भयो । उठ्न, सुत्न, टवाइलेट जान पनि मुस्किल भयो । हामीले सहारा दिनुपर्थ्यो । साउन ३ गते त थलैपऱ्यो । दिशापिसाव पनि ओछ्यानमै गर्नेभयो । ४ गते देखि त खोक्दा बोल्दा रगत आउने, रगत नै उल्टी गर्ने भयो । तर अस्पताल लैजान हामीसँग पैसा थिएन् । साउन ७ गते गाउँकै एउटा मेडिकलवाट ३ दिनकोलागि केहि औषधी ल्याएर खुवाउँदै गर्दा पनि उसको अवस्था झनझन विग्रिदै गइरहेको थियो । साउन ८ गते बिहान छोरालाई साह्रै गाह्रो भएकोले एउटा एम्बुलेन्स मगाएर अस्पताल पठायौं । उतै मत्यु भयो भन्ने खबर पायौं ।

हामी निकै गरिब छौं । किनेर खान सक्दैनौं । त्यसैले साउने संक्रान्तीको दिन काम गर्ने ठाउँमा छुट्टी भएकोले माछामासु खाने रहर पुरा गर्न जंगलमा घोंगी टिप्न गएका थिए । मेरो छोरा सिदासादा थियो । बिहान काममा जाने बेलुका घर आउने गर्थ्यो । साथीभाईले पनि राम्रो मान्थे उसलाई ।

पुर्ख्यौली ऐलानी जग्गामा यही सानो कटेरो बनाएका छौं । सम्पत्तिको नाममा यही कटेरो छ । निकुञ्जको जंगलमा जाँदा कुनै पनि घरेलु हातहतियार लिएर गएका थिएनन् । मेरो एउटा छोरा २ वर्ष अगाडि क्यान्सरले मऱ्यो । हामी काम गर्न नसक्ने भइसकेका छौं । भर्खरको बुहारी छिन, राम्रोसँग बोल्न, काम गर्न पनि जान्दिनन् । डेढ वर्षकी नातिनी छिन् । तिनको स्याहार सुसार कसले गरिदिन्छ । त्यो सेनाको पनि छोराछोरी होलान तर अर्काको छोरालाई यसरी कुटपिट गरेर माऱ्यो । कस्तो दयामाया पनि नलागेको होला । हाम्रो छोरालाई मार्ने त्यो सेनालाई पनि कडा भन्दा कडा सजाय हुनु पर्छ । हामीलाई न्याय चाहिन्छ । बुहारी र नातिनीको लागि सरकारले सहयोग गरोस ।

## आईती माया चेपाङ, ४० वर्ष (मृतक राजकुमारको आमा)

मेरो श्रीमान साउन १ गते ५ बजेतिर घर आउनु भयो । उहाँको अनुहार एकदम मलिन थियो । राम्रोसँग बोल्न पनि सक्नुहुन्नथ्यो । के भयो भनेर सोध्दा मलाई आर्मीले कुट्यो भन्नुभयो । कपडा खोलेर हेर्दा शरिर भरी निलडाम थियो । तोरीको तेल लगाएर मालिस गरिदिएँ । शरिर छुनै नहुने गरी दुखेको छ भन्नु हुन्थ्यो । पीडाले रातभरी सुत्न सक्नु भएन् । भोली पल्ट खोच्याएर हिड्ने हुनु भयो । विस्तारै थला पर्दै जानुभयो । ४ गते त मुखवाट रगत नै आउन थाल्यो । औषधी उपचार गर्न पैसा थिएन् । तोरीको तेलले मालिस गर्ने र सेक्ने बाहेक केही गर्न सकिएन् ।

७ गते गाउँकै एउटा मेडिकलवाट ३ दिनको लागि औषधी ल्याएर खुवाउँदै थियौं तर ८ गते उहाँलाई अति नै गाह्रो भएपछि एउटा एम्बुलेन्स बोलाएर भरतपुर अस्पताल पठाएका थियौं तर अस्पताल लैजाँदै गर्दा उहाँको मृत्यु भएछ ।



सासु ससुरा बुढाबुढी हुनुभयो । मेरो डेढ वर्षकी छोरी छिन् । म काम गर्न, राम्रोसँग बोल्न पनि जान्दिन् । मेरो सहारा भनेको मेरो श्रीमान थियो । तर सेनाको मान्छेले कुटेर माऱ्यो । म अब कसरी बाँचु, मेरो सानी छोरीलाई कसरी हुर्काउने, पढाउने, लेखाउने । मेरै आँखा अगाडि त्यो हत्या गर्ने सेनालाई हथकडी लगाएर कारबाही गर्नुपर्छ । हामीलाई न्याय चाहिन्छ । सरकारले हामीलाई हेरोस, सहयोग गरोस् ।

## रिपुमाया प्रजा, २१ वर्ष (मृतक राजकुमारको पत्नी)

मेरा भतिजो राजकुमारलाई सेनाको मान्छेले कुटपिट गरेको रहेछ । बेलुका घर आएपछि मात्र थाहा पाईयो । कपडा खोलेर हेर्दा शरिर भरी निलडाम थियो । अनुहार मलिन थियो । त्यो दिन मालिस गरेर सुत्यो तर भोली पल्ट खोच्याएर हिड्ने भयो । उसको अवस्था झनझन बिग्रिदै गयो । ४ गते देखि त मुखवाट रगत नै आउन थाल्यो । गाउँकै मेडिकलवाट औषधी ल्याएर खुवाइयो तर उसको अवस्था झनझन बिग्रिदै गयो । ८ गते बिहान एम्बुलेन्स मगाएर भरतपुर अस्पताल लगियो तर उपचार गर्ने नपाई मृत्यु भयो ।हामीहरूलाई अन्याय भएको छ । भतिजको काम गर्न नसक्ने बोल्न पनि नजान्ने लथेप्री जस्तो श्रीमति र डेढ वर्षको छोरी छ । उनीहरूको हेरचाह सरकारले गर्नुपर्छ । पीडकलाई कारबाही हुनुपर्छ ।

## दिल बहादुर प्रजा (मृतक राजकुमारको ठूलो बुवा)

# पीडितलाई न्यायकालागि प्रहरी प्रशासन तथा स्थानीय सरकारको पहल र प्रतिवद्धता

## जिल्ला प्रशासन कार्यालय, चितवन

परिवारका सदस्यहरू अत्यन्त कमजोर छन् । आफ्ना कुरा राख्न पनि नसक्ने खालका छन् । अहिलेसम्म परिवारका मान्छेसहित ३ वटा समूहसँग छलफल गरें । छलफलमा सबैसँग सहमती हुने तर बाहिर गएर असहमति हुने अवस्था देखियो । लासको पोस्टमार्टम चाँडै गर्नु पर्ने हो । यो काम ढिलो हुदै गएकोले त्यसको लागि पहल गरेको थिएँ । पोष्टमार्टमकालागि लास काठमाण्डौं टिचिङ्ग अस्पताल पठाएको छु । प्रतिवेदनमा के आउँछ थाहा छैन तर निष्पक्ष अनुसन्धान र पीडितलाई राहतका लागि कुराकानी भएको छ । सरकारको प्रतिनिधीको हैसियतले यो मेरो जिम्मेवारी पनि हो । रक्षा मन्त्रालयसम्म पनि कुरा पुगिसकेको छ ।

पीडित परिवारसँग लिखित सहमति भएको होइन् । वडा अध्यक्ष, चेपाङ्ग संघका अध्यक्ष, पीडित परिवार, सेनाको कर्णेल साप, मध्यवर्ती निकुञ्जको अध्यक्ष र वार्डेन सहित बसेर छलफल गरी सहमती भएको हो । तत्काल पीडित परिवारलाई एकलाख क्षतिपूर्ति सहयोग, पीडकलाई कानून बमोजिम कारबाही, छोरीलाई मासिक एक हजार छात्रवृति, बन कार्यालयले घर बनाउन काठ दिने र निकुञ्जले ढुङ्गा, गिटी दिने भन्ने सहमति भएको छ ।

सेनाले पीडकलाई कारबाही गर्ने प्रतिवद्धता जनाएको छ । अनुसन्धानमा सहयोग गर्ने प्रतिवद्धता जनाएको छ । निकुञ्जमा एक हजार सेना र पाँच सय कर्मचारी छन् ।

**नारायण प्रसाद भट्टराई ( प्रमुख जिल्ला अधिकारी)**

## जिल्ला प्रहरी कार्यालय, चितवन



साउन ८ गते पीडित परिवारले जाहेरी निवेदन दिएका छन् । घटनास्थलको निरीक्षण गरेर घटनास्थल प्रकृति मुचुल्का तयार गरी साउन ११ गते नै १० नं. डायरीमा जाहेरी दर्ता गरेका छौं । तर जाहेरीमा पीडकको नाम खुलेको छैन् ।

हामीले घटनाको अनुसन्धान शुरु गरी सकेका छौं । यसका लागि हामीले सेना, निकुञ्ज प्रशासनसँग जवाफ माग्नेछौं ।

सेनाका कर्णेल सापले पनि अनुसन्धानमा सहयोग हुन्छ भन्नुभएको छ । सेनाको आन्तरिक अनुसन्धान पनि भइरहेको छ त्यसले हामीलाई पनि अनुसन्धानमा सहयोग पुग्न सक्छ ।

**नान्तीराज गुरुङ्ग (प्रहरी उपरिक्षक)**

## राप्ती नगरपालिका वडा नं. २ को कार्यालय

यसै वडाका चेपाङ समुदायका युवाहरूलाई सेनाले निकुन्जमा कुटपिट गरेको कुरा जब राजकुमारको मृत्यु भयो अनि मात्र थाहा भयो । त्यसपछि हामीले पनि राजकुमारको घरमा गएर के भएको हो भन्ने बारे बुझ्ने काम गर्‍यौं ।

यहाँ जनता मारिएको छ । उहाँको आर्थिक अवस्था अझ जटिल छ । घरमा खानेकुरा छैन् । निकुन्ज प्रवेश गरे जरिवाना गर्ने नियम छ । तर यातना दिने, कुटपिट गर्न पाइँदैन् । अब हामीले यस्ता घटना दोहोरिन दिनुहुँदैन ।



घटनापछि पीडित परिवारलाई राहत र घटनामा संलग्नलाई कारबाहीको लागि वडा तथा नगरपालिकाले पहल गरेको छ । प्रशासन र निकञ्जसँगको वार्तामा पीडितको पक्षमा हामीले पनि आवाज उठाएका छौं । यहाँ प्राविधिक कारण र विवाद होला भनेर नै काठमाडौं शव परीक्षण गर्न पठाइएको हो । निकुन्जले अब तत्काललाई एक लाख राहत दिने, घर बनाउन काठ उपलब्ध गराउने र पीडितका नाबालिक छोरीलाई पठनपाठनको लागि भनेर मासिक एक हजार दिने प्रारम्भिक छलफल भएको छ ।

**श्यामसुन्दर उप्रेती (वडा अध्यक्ष)**

## राप्ती नगरपालिकाको कार्यालय

राजकुमारको मृत्यु भएको दिन म उसको घरमा गएको थिए । घरमा खाने अन्न पनि थिएन् । एक कोठे टहरोमा दुई तिर सामान्य बारिएको, दुई तिर खुल्लै र बीचमा चुलो थियो । राजकुमारको पत्नी पनि बालिकै रहिछन् । त्यती सानो उमेरमा उनको सानो काखे छोरी छ । राजकुमारको भाइ पनि गतवर्ष दीर्घ रोगले बितेका रहेछन् । एक बहिनी, छोरी, पत्नी र बाआमा गरी ६ जनाको परिवारमा मजदुरी गरेर परिवार पाल्ने दायित्व भएको यो उमेरमा राजकुमारको मृत्युले त्यो परिवारलाई ठूलो पीडा परेको छ । मान्छे मरेको अवस्था छ ।

यसको क्षतिपूर्ती हुन नसके पनि राहतको लागि पहल भएको छ । हामी नगरपालिकाले पनि हेर्छौं । साँझ बिहान खाने दाल चामलको व्यवस्था गर्न तत्काल वडालाई भनेको थिएँ । तर चेपाङ संघका अध्यक्षले दाल चामल मैले ल्याइसकेको छु, तत्कालको लागि व्यवस्था भएको छ भनेकोले हामी पीडितको पक्षमा कानुनी उपचारको लागि पहल र सेना तथा प्रशासनसँगको छलफलमा व्यस्त भएका छौं । त्यसैले दिनदिनै पीडितकोमा जान सक्ने अवस्था रहेन् । तर हामी मानवीय सहयोगका साथै दीर्घकालीन समाधान हुनुपर्छ भन्ने पक्षमा छौं । निकुञ्ज र सेनाले गर्ने व्यवहार स्थानीय पिछडा वर्गको हितमा छैन् । उनीहरूको जल, जमीन र जङ्गलमा स्वामित्व कायम गर्न नसके पनि अपनत्व कायम हुनुपर्छ ।

**प्रभा बराल (नगरपालिका प्रमुख)**

# घटनाबारे सम्बन्धित अन्य सरोकारवालाहरुको भनाई

## राप्ती मेडिकल (राजकुमारको प्राथमिक उपचार गर्ने क्लिनिक):

तीन चार जना मिलेर राजकुमारलाई जचाउँन भनेर आउनुभएको थियो । सिरियस बिरामी र कुटपिट पनि भएको भन्ने थाहा पाएपछि एक्सरे गर्नेपर्छ, बिरामीलाई सारो भएकोले भरतपुर अस्पताल लानु, हामीले एम्बुलेन्स खोजिदिन्छौं पनि भनेको हो । तर अलिक दिन घरमै हेर्ने, यहींको दबाई खाएर हेर्ने, बाहिर लान खर्च छैन भन्नु भयो । अनि हामीले ज्वरो, ग्यास्ट्रिक, खोकी र हल्का एन्टिबाइटिकको दबाई दिएका थियौं । अलिअलि ज्वरो थियो । फोक्सोमा पनि समस्या थियो । खकारमा रगत पनि आएको भन्नु भएको थियो ।

कुटपिट भएको घाइते भएकोले सरकारी अस्पताल जान र छाँतीको एक्सरे गर्नुपर्छ भनेका थियौं । स्वासप्रस्वासमा समस्या थियो । खोकी पनि थियो । फोक्सोमा समस्या भएको थियो । तर बाहिर जानु भन्दा अहिले यहींको दबाई खाएर हेर्ने भन्नु भयो । यहीको प्रहरीले के के दबाइ दिएको भनेर सोध्न आएको थियो साउन ९ गते, हामीले दिएको औषधीको कागज बनाएर दियौं ।

________________________________**नन्दलाल सापकोटा (मेडिकल संचालक)**

## चेपाङ संघ राप्ती नगरपालिका

कुटाई पाउने पाँचै जना मेरो गाउँका भाइ भतिजाहरू हुन् । मैले सबै जनाबाट घटनाबारे बुझ्दाखेरी दुईजना दिदी बहिनी सहित सातजना साउन १ गते राप्ती खोलामा घोंगी टिप्न र निगुरो खोज्न गएका रहेछन् । अरुबेला पनि कहीले काँही गाउँका मान्छे जाने गरेकै हो । तर सेनाले कराउँथ्यो । निकुन्ज प्रवेशमा रोक लगाएको थियो । तर हाम्रो बाजे पुर्खा देखि जङ्गलमै हुर्केकोले हामी मात्रै हैन छोराछोरी पनि अझै जाने गरेका छन् । केही खान मन लागेपछि हामीसँग पैसा हुँदैन् । साउनको संक्रान्ती चाड पनि हो । मसिनो मिठो खान खोलामा घोगीँ खोज्नु र निगुरो तरकारी खानु हाम्रो जातिको परम्परा नै हो । त्यसैले उनीहरु जंगल विनास गर्न गएका हैनन् । तर उनीहरूलाई सेनाले छेकारो हालेर सबैलाई नियन्त्रणमा लिएछ । सेनाको नियम मानेर उनीहरू पनि चुप लागे गल्ती भयो भनेर । तर, उनीहरूलाई सेनाले नराम्रोसँग कुटपिट गरेछ । पानीमा लडाएर बुटले (पानी बुट), खुट्टाले, हरियो लौरा भाँचेर पालैपालो कुटपिट गर्ने गरेछ । फेरी लिगलिग पोष्टमा लाने बेलामा गह्रुँगो लकडी (मुढा) बोक्न लगाएछ । नसकेपछि फेरी कुटपिट गरेछ । साऱ्है यातना समेत दिएछ । मलाई त दुई दिन पछि मात्र थाहा भयो । कारबाही गर्न सकिएन् । तर, राजकुमारको मृत्यु भएपछि भने कारबाहीको लागि मेरै पहलमा उजुरी दिएको हो । प्रहरीको उजुरीमा पाँच जनाको नाम हुनुपर्नेमा एक जनाको छुटेछ । सँगै जाने दुई जना छोरी चेली पनि थियो । उनीहरूलाई पनि अश्लिल शब्दले गाली गरेछ । यसकारण अब यस्ता घटना हुन दिनुहुन्न । दोषी सेनालाई कारबाही हुनुपर्छ । हामीले पनि कारबाही भएको हेर्न पाउनु पर्छ । कुरा यति हो ।

________________________________**बलराम चेपाङ (भुतपूर्व अध्यक्ष)**

## पत्रकार महासंघ, चितवन शाखा

यो घटनामा एकजना सैनिक अधिकारीको संलग्नता देखिन्छ । निकुञ्जको जंगलमा घोंगी टिप्न गएका निहत्था गाउँलेहरूलाई सेनाका अधिकारीले निर्मम कुटपिट गरेको रहेछ । ती मध्ये एकजना राजकुमार चेपाङको साउन ८ गते मृत्यु भएको रहेछ । यो घटना जघन्य अपराध हो । यस्ता घटना यसभन्दा अगाडि भएको थिएन् । अहिले कोरोनाको संक्रमण फैलिइरहेको अवस्थामा यस्तो घटना हुनु अत्यन्त दुखद हो । यस घटनाको निष्पक्ष छानबिन गरी पीडितलाई न्याय र पीडकलाई कारबाही हुनु पर्छ । मानव अधिकार हनन्का घटनाहरू घटिरहेकोले एक दुईवटा घटनाको मात्र समाधान निकाल्ने होइन समग्र यस्ता घटनाहरू नदोहोरिने गरी समाधान निकाल्नु पर्छ ।

________________________________**राधेश्याम खतिवडा (अध्यक्ष)**

# घटनाको बिश्लेषण

**<u>अधिकारहरुको उल्लङ्घन र उपचार सम्बन्धी प्रचलित कानुनी व्यवस्था :</u>**

यस घटनामा निकुञ्ज सुरक्षार्थ खटिएका नेपाली सेनाद्वारा भएको उल्लेखित गैरकानूनी थुना, यातना तथा दुर्व्यवहार र गैरन्यायिक हत्या राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून विपरीत छ । सेनाको यस कार्यले पीडितहरुको नेपालको संविधानको धारा १६, २०, २१, २२, ४२ र धारा ४३ द्वारा संरक्षित क्रमशः बाँच्न पाउने हक, न्याय सम्बन्धि हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हक लगायत मौलिक हक अधिकारहरूको उलङ्घन उल्लंघन हुन गएको छ । साथै नेपाली सेनाको उक्त कार्यले पीडितहरुको मुलुकी फौजदारी संहिता २०७४ को दफा १६७, दफा १६८ र १७७ द्वारा संरक्षित कानूनी अधिकारको समेत हनन भएको छ । यसका साथै पीडितहरुको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, यातनाविरुद्धको महासन्धि १९८४, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धिको (कन्भेन्सन नं. १६९) लगायत नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनहरूद्वारा संरक्षित अधिकारहरूको समेत उल्लङ्घन भएको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले उल्लेखित कसुरको अनुसन्धान गर्ने कर्तब्य नेपाल प्रहरीलाई सुम्पेको छ । जसमा संहिताले कसुर सम्बन्धी प्रमाण लोप वा नाश हुन नदिन र कसुर गर्ने व्यक्ति उम्कन नपाउन प्रहरीले गर्नुपर्ने आवश्यक र प्रभावकारी कामकारवाही सम्बन्धी कानूनी व्यवस्था गरेको छ । यसका साथै उक्त संहिताले कसुरको अनुसन्धान गरी सबुत प्रमाण सङ्कलन गर्नुपर्ने र कसुरसंग सम्बन्धित व्यक्ति पक्राउ गर्ने लगायत अनुसन्धान सम्बन्धी प्रहरीको काम, कर्तब्य र अधिकारका बारेमा स्पष्ट कानूनी व्यवस्था गरिएको छ ।

त्यसैगरी यातनाको निश्पक्ष अनुसन्धान गरि दोषीलाई जवाफदेहि वनाउने र पीडितलाई क्षेतिपुर्ति दिने सम्वन्धमा उल्लेखित संविधान तथा नेपाल कानूनका अतिरिक्त नेपाल उपर अन्तराष्ट्रिय कानून अन्तर्गतको दायित्व समेत रहेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र (UDHR), १९४८ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR), १९६६ को धारा ५ र धारा ७ ले क्रमशः हिरासतमा हुनसक्ने कुटपिट, यातना तथा अमानवीय एवं अपमानजनक व्यवहारबाट संरक्षण प्राप्त गर्ने हक र समानताको हकको व्यवस्था गरेका छन् । **UDHR** को धारा ८ र ICCPR को धारा २(३) ले प्रभावकारी उपचारको हकसम्बन्धी व्यवस्था गरेको छ । प्रभावकारी उपचारको हक अन्तर्गत न्यायको हक महत्वपूर्ण हो । साथै, प्रभावकारी उपचारको हकलाई सुनिश्चित गर्न राज्यले अपनाउनु पर्ने विभिन्न उपाय र तरिकाहरुका सम्बन्धमा पनि यस अनुबन्धले सम्बन्धित पक्ष राष्ट्रउपर कसुरको अनुसन्धान तथा आरोपीलाई अभियोजन गर्नुपर्ने सहितका विभिन्न दायित्वहरु सिर्जना गरेको छ । संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितीको व्याख्यात्मक टिप्पणी नं. २ (General Comments No 2) मा "उल्लेखित अधिकारहरुको उल्लंघनमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचारको अधिकार हुने र त्यस अन्तर्गत पीडकलाई न्यायको दायरामा ल्याई दोषी पाइएको खण्डमा त्यस्ता व्यक्तिलाई दण्डित गर्नुपर्ने" भन्ने व्याख्या गरेको छ । यातना विरुद्धको महासन्धि (CAT) को धारा २ ले संकटकालमा समेत यातना दिन नपाईने गरी निषेध गर्नुका साथै महासन्धीका पक्षराष्ट्रले आफ्नो अधिकार क्षेत्र भित्रको भुभागमा यातना वा यातनाजन्य क्रियाकलापहरु रोक्न प्रभावकारी कानूनी, प्रशासनिक, न्यायिक तथा अन्य उपयुक्त उपायहरु अबलम्बन गर्नुपर्ने कुरा उल्लेख छ ।

सन्धी ऐन, २०४९ को दफा ९ ले नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि महासन्धीका व्यवस्था नेपाल कानून सरह लागु हुने र अन्तर्राष्ट्रिय कानूनसँग कुनै राष्ट्रिय कानून बाझिएको अवस्थामा समेत अन्तर्राष्ट्रिय कानून लागु हुने व्यवस्था गरी अन्तर्राष्ट्रिय कानून कार्यान्वयनको विषयलाई बाध्यात्मक बनाएको छ ।

**न्यायका लागि चालिएका कदमहरु :**

घटनालाई लिएर पीडित परिवार, स्थानिय समुदाय र चेपाङ समुदाय सम्वद्ध संघसंस्थाहरुले विरोध कार्यक्रमहरुको आयोजना गरे । चितवन राष्ट्रिय निकुञ्जमा सुरक्षार्थ खटिएको नेपाली सेनाको पोष्टमा कार्यरत सैनिकको कुटपीटबाट राजकुमार चेपाङको मृत्यु भएकोले सरकारले घटनाको सत्यतथ्य छानविन गरी दोषीलाई कारवाही र पीडित परिवारलाई राहत क्षतिपूर्ति उपलब्ध गर्नुपर्ने भन्ने पीडित समुदायको मुख्य माग रहेको थियो । उनीहरुले सरकारले उक्त माग पुरा गर्ने प्रतिवद्धता नजनाएसम्म मृतकको लाशको पोष्टमार्टम गर्ने अनुमती नदिने र लाश पनि नबुझ्ने अडान राखेका थिए ।

**सर्वपक्षिय सहमती**

पीडित समुदायको विरोध बढ्दै गएपछी सरकारका स्थानिय अधिकारीहरुले पीडित समुदाय, चितवन राष्ट्रिय निकुञ्ज प्रशासन, नेपाली सेना लगायतका व्यक्तिहरु भएको सर्वपक्षिय छलफलहरुको आयोजना गरेको थियो । मिति २०७७/०४/१६ मा भएको उक्त छलफलले निम्न ५ वटा निर्णय गरेको छ :

१) घोंगी टिप्न जंगल जादैगर्दा चितवन राष्ट्रिय निकुञ्जको निशेधित इलाका भित्र प्रवेश गर्न पुगेको राजकुमार चेपाङको कुटपिट भएकै कारण मृत्यु हुन पुगेको हो भन्ने निज राजकुमार चेपाङ संगै घोंगी टिप्न गएका मानिसहरुको भनाई रहेकोले सो सम्बन्धमा जाहेरी समेत भएको हुँदा यस सम्बन्धमा निष्पक्ष छानविन र अनुसन्धान गरी दोषी ठहर भएमा दोषी उपर कानून बमोजिम कारवाही गर्ने ।

२) मृतक राजकुमार चेपाङको नावालक छोरी विधालय जाने उमेर नपुग्दासम्म निजको भरणपोषण र तत्पश्चात अध्ययनलाई निरन्तरता दिएमा १२ कक्षासम्म पढ्नको लागि चितवन राष्ट्रिय निकुञ्ज म.क्षे. उ. स. लोथरले सहयोग गर्ने ।

३) मृतक राजकुमार चेपाङको परिवारको घर निर्माण कार्यमा चितवन राष्ट्रिय निकुञ्जबाट निर्माण सामाग्री उपलब्ध गराउने, मध्यवर्ती क्षेत्र उपभोक्ता समितीले घर निर्माणमा सहजीकरण गर्ने ।

४) चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र उपभोक्ता समिती लोथरबाट यस पूर्व उपलब्ध गराउने भनि सहमती भैसकेको किरिया खर्च समेत गरी रु. ७००,००० ( (अक्षेरुपी सात लाख) र राप्ती नगरपालीकाको तर्फबाट रु. ३००,०००/ (अक्षेरुपी तिन लाख) गरी जम्मा रु. १०,००,०००/ (दश लाख) मृतक परिवारलाई राहत स्वरुप उपलब्ध गराउने । उपरोक्त बमोजिमको राहत रकमलाई मृतक परिवारको नावालक छोरी र मृतक परिवारको उच्चतम हित हुने गरी उपयोग गर्न लगाउने ।

५) मृतक परिवारले मृतकको शव बुझी आफ्नो परम्परा अनुसार अन्तिम क्रिया गरी द्वन्द्व समाधान गर्ने ।

**<u>जाहेरी दरखास्त दर्ता :</u>**

मिति २०७७/०४/०८ मा पीडित परिवारले दिएको घटना सम्बन्धी जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यालय चितवनले दर्ता नं ३१, मिति २०७७/०४/११ मा दर्ता गरेको छ । जाहेरी दरखास्तमा निकुञ्ज सुरक्षार्थ सैनिक चेकपोष्टका सेनाको कुटपिटबाट राजकुमार चेपाङको मृत्यु भएकोले घटनाको अनुसन्धान गरी दोषीमाथी हदैसम्मको सजायको माग गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख (प्रहरी उपरिक्षक) गुरुङ्गले यस अध्ययन टोलीसँगको भेटमा जाहेरी दर्ता भएको जानकारी गराउदै घटनामा प्रहरीले अनुसन्धान शुरु गरी सकेको बताएका थिए । त्यसैगरी उनले प्रहरी घटना स्थल मुचुल्का, लाशजाँच मुचुल्का गरीसकेको, पोष्टमार्टमका लागि लाशलाई काठमाडौं शिक्षण अस्पताल पठाइएको जानकारी दिएका थिए । साथै उनले पोष्टमार्टम रिपोर्ट आउने विक्तिकै थप अनुसन्धान गर्ने बताउदै सैनिक कार्यालयका कर्णेल र निकुञ्ज कार्यालयका वार्डेनले प्रहरीको अनुसन्धानलाई सहयोग गर्ने विश्वास व्यक्त गरेका थिए ।

**<u>सैनिक अनुसन्धान :</u>**

राजकुमार चेपाङको मृत्यु भएको एक दिन पछि अर्थात मिति २०७७/०४/०९ गते काठमाण्डौं स्थित नेपाली सेनाको “जनसम्पर्क तथा सुचना निर्देशनालय, जंगीअड्डा” ले एक प्रेश विज्ञप्ती जारी गरेको छ । उक्त विज्ञप्तीमा निर्देशनालयले उल्लेखित घटनाका विषयमा नेपाली सेनाले आन्तरीक छानविन शुरु गरीसकेको र अधिकार प्राप्त सरकारी निकायहरुले गरिरहेको विस्तृत छानविनमा पूर्ण सहयोग गर्ने उल्लेख छ ।



नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

जनसम्पर्क तथा सूचना निर्देशनालय
जङ्गी अड्डा, काठमाडौं, नेपाल ।

प्रेस विज्ञप्ति नं:- ०२
मिति:- २०७७ श्रावण ०९ गते
समय:- १००५ बजे ।

टेलिफोन:-४२४६१४०/९८५१०७९९१७
ईमेल:- dte-dpr@nepalarmy.mil.np
वेबसाईट:- www.nepalarmy.mil.np

<u>नेपाली सेनाको ध्यानाकर्षण</u>

१. मिति २०७७ श्रावण ०९ गते कान्तिपुर दैनिकमा प्रकाशित चितवन राष्ट्रिय निकुञ्जमा घटेको भनिएको घटनाको बारेमा नेपाली सेनाको ध्यानार्कषण भएको छ ।

२. यस विषयमा नेपाली सेनाले आफ्नो आन्तरिक छानविन शुरु गरिसकेको र अधिकार प्राप्त सरकारी निकायहरुले गरि रहेको विस्तृत छानविनमा पूर्ण सहयोग गर्ने बारे जानकारी गराउदछौं । नेपाली सेना, नेपाल सरकारको कार्यदिश अनुसार जिम्मेवारीपूर्ण ढंगले प्रकृति संरक्षण कार्य सम्पादन गर्न प्रतिबद्ध रहेको छ ।

**<u>राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धानः</u>**

घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७७/०४/०९ मा एक प्रेस विज्ञप्ती जारी गरेको छ । उक्त विज्ञप्तीमा राजकुमार चेपाङको निकुञ्जमा खटिएका नेपाली सेनाले २०७७ साउन १ गते नियन्त्रणमा लिई कुटपिट गरी यातना दिई निजको मृत्यु भएको भनिएको घटना प्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ” उल्लेख छ । त्यसैगरी आयोगले उक्त विज्ञप्तीमा आयोगको बागमती प्रदेश स्तरीय कार्यालयले अनुसन्धान प्रकृया अगाढी बढाईसकेको जनाउदै नेपाली सेनाबाट भएको उक्त कार्यको प्रकृतीबाट नेपालको संविधानको धारा १६, २२, ३७ र ४२ र नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय कानूननले प्रत्याभुत गरेका सम्मानपूर्वक बाँच्न पाउने अधिकार लगायतका मानव अधिकारहरुको उल्लंघन भएको जनाएको छ । त्यसैगरी विज्ञप्तीमा आयोगले घटनाको निष्पक्ष छानविन मार्फत घटनामा संलग्नलाई यथाशिघ्र कानूनी दायरामा ल्याउन तथा मृतक राजकुमार चेपाङको परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई आग्रह गरेको छ ।

यो प्रतिवेदन सार्वजनिक भएको दिनसम्म राष्ट्रिय मानव अधिकार स्वयम्ले भने घटना सम्बन्धमा आयोगको अनुसन्धानमा भएको प्रगती र अनुसन्धान प्रतिवेदन सार्वजनिक हुने समयसिमा बारे कुनै सूचना सार्वजनिक हुन नसकेको देखिन्छ ।

## मुलुकी फौजदारी संहिता २०७४ लागु पश्चात सेना संलग्न घटना

मुलुकी फौजदारी संहिता २०७४ लागु भएपछि नेपाली सेना संलग्न गैरकानूनी पक्राउ, थुना, यातना तथा हत्या सम्बन्धी घटना सम्भवतः यो पहिलो हो ।

यसभन्दा अघि पनि नेपाली सेनाबाट यस्ता घटनाहरु भएका छन् । तर ती घटनाहरुको प्रहरी अनुसन्धान अपेक्षित रुपमा अघि बढ्न नसक्दा पीडितहरु न्यायबाट बन्चित हुनु परेको अवस्था छ । निकुन्ज सुरक्षार्थ नेपाली सेना संलग्न ति घटनामा जाहेरी दर्खास्त दर्ता भएको एक दशक नाघि सक्दा समेत घटनाको अनुसन्धान पुरा नभएको अवस्था छ । यस्ता घटनामा एकातिर सेनाले प्रहरीको अनुसन्धानमा सहयोग नगरेको देखिन्छ भने अर्कोतिर स्वयम् प्रहरीले समेत आफ्नो कानूनी दायित्व पुरागर्न सक्षम रहेको देखिदैन् ।

मिति २०६६/११/२६ गते राती ९:०० बजे बर्दिया राष्ट्रिय सुरक्षार्थ स्थापना भएको तत्कालिन ज्वालादल गणबाट खटिएको सेनाको टोलीले एक बालिका सहित ३ जना निशस्त्र महिलाहरुलाई २६ गते पक्राउ गरी नियन्त्रणमा लिई बर्दिया जिल्लाको बाँसपानीको जंगलमा गोली हानी हत्या भएको थियो । यस घटनाको अनुसन्धान तथा दोषीलाई कारवाहीको माग गरी पीडित परिवारद्धारा मिति २०६६ चैत्र १५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता गरिएकोमा आजसम्म अनुसन्धान पुरा नहुँदा पीडित परिवार न्याय पाउनबाट बञ्चित हुनुपरेको छ । साथै यस घटनाको अनुसन्धानमा भएको ढिलाई विरुद्ध बर्दिया जिल्ला प्रहरी कार्यालय समेतलाई आदेश जारी गरीपाँउँ भनि पीडित परिवारले मिति २०७०/०६/१० मा सर्वोच्च अदालतमा परमादेश मुद्दा दर्ता गरेकोमा आजसम्म पनि निर्णय हुन नसकेको अवस्था छ ।

सैनिक ऐन, २०६३ को दफा ६६ अनुसार सैनिक व्यक्तिले गैरसैनिक नागरिक विरुद्धका उल्लेखित प्रकृतीका अपराधहरुको अनुसन्धान, अभियोजन र न्यायिक निरोपण गर्ने क्षेत्राधिकार नियमित न्यायिक निकायहरुमा रहेको छ । नेपालको सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सद्धिान्त ( **०७४-**WH-०१०३, मुद्दाः बन्दिप्रत्यक्षीकरण, निर्णय मितिः २०७५/०३/०५) अनुसार समेत प्रस्तुत यातना तथा दुर्व्यवहार र हत्या घटनाको अनुसन्धान, अभियोजन र न्यायनिरोपण गर्ने क्षेत्राधिकार नियमित न्यायिक प्रकृया अन्तर्गतका विषय हुन् ।

अतः सैनिक वा जो कोही भए पनि सामान्य नागरिकमाथि भएको यातना र गैरन्यायिक हत्या जस्तो गम्भीर मानव अधिकार उल्लंघनमा जवाफदेहिता स्थापित गरी पीडित परिवारलाई न्याय तथा उचित क्षतिपूर्ति उपलब्ध गराउनु राज्यको दायित्व हो ।

### मिति २०७७ भाद्र २३ गतेको अपडेट :

मृतकको परिवारलाई राहत स्वरुप १० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने भनी साउन १६ गते जिल्ला प्रशासन कार्यालय चितवनमा सहमति भए पनि भाद्र २३ गतेसम्म सहमती अनुसारको राहत रकम नपाएको मृतकका बुवा विष्णलाल चेपाङले जानकारी दिनु भएको थियो । सहमति भएको ४० दिन पुगेको छ । परिवारलाई राप्ती नगरपालिकाले ३ लाख र निकुञ्जले ७ लाख दिने भनी सर्वपक्षिय सहमति भएको थियो ।

मृतक राजकुमारका बुवा विष्णलाल चेपाङले भने, “बनाउन थालेर अधुरै रहेको घर बनाउने काम भइरहेको छ । नगरपालिकाको सहयोगमा घरको काम सकिन लागेको छ । राहत स्वरुप प्राप्त खाद्यन्नले अहिलेसम्म धानिएको छ । तर सरकारले दिने भनेको राहत रकम भने अहिलेसम्म पाइएको छैन् ।”

यसै गरी राप्ती नगरपालिकाकी प्रमुख प्रभा बरालले पीडित परिवारसँग मृतकको विषयमा आवश्यक कागजात जुटाउने काम भइरहेको बताउनुभयो । सहमति भए अनुसार पीडित परिवारले सहयोग पाउनेमा ढुक्क हुनुस्, अहिले के कसरी दिन सकिन्छ भनेर आवश्यक कागजात सङ्कलनको काम भइरहेको छ । 'आफ्नो स्थानीय तहको नागरिकको हरेक कोणबाट सुरक्षा र सहानुभुति प्रकट गर्ने नगरपालिकाको कर्तव्य रहेको उल्लेख गर्दै प्रमुख बरालले गरिव, निमुखा सशै वर्ग र जातका मानिसहरूको कल्याणमा आफूहरू प्रतिवद्ध रहेकाले रकम नपाउने वा नदिने भन्ने विषयमा कुनै शङ्का गर्न नपर्ने बताउनुभयो ।

त्यस्तै सहमति अनुसार चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले ७ लाख रुपैयाँ दिनुपर्ने हुन्छ । निकुञ्ज प्रमुख अणनाथ बरालका अनुसार एक हप्ता अघि मात्रै पीडित परिवारको तर्फबाट राहत रकम पाउनका लागि कार्यालयमा निवेदन परेको छ ।

'निकुञ्जसँग यस्ता घटनाहरूमा दिने भनी रकम तोकिएको वा विनियोजित भएको हुँदैन, प्रमुख वरालले भन्नुभयो,'हामी रकमको स्रोत खोजी रहेका छौं, यसका लागि माथिल्लो निकायमा पनि छलफल भइरहेको छ ।' यथासक्य छिटो स्रोत व्यवस्थापन गरेर सहमति अनुसार रकम दिन तयार रहेको उहाँले प्रतिवद्धता जनाउनुभयो ।

यस घटनामा अनुसन्धान प्रक्रिया निरन्तर चलिरहेको चितवन प्रहरीले जनाएको छ । चितवन प्रहरी प्रवक्ता डिएसपी सूर्यबहादुर थापाले पोष्टमार्टम र भिसेरा परीक्षणको प्रतिवेदन प्राप्त भइसकेको बताउनुभयो । 'दुई वटा रिर्पोट पाएपछि अनुसन्धानले थप तिव्रता लिएको छ, उहाँले भन्नुभयो । यस घटनामा कोही पनि आरोपीत गिरफ्तार भने भएका छैनन् ।

# निष्कर्ष तथा सिफारिस

**निष्कर्ष**

**१**) पीडितहरुका अनुसार निकुञ्जको जंगल भित्र फलफूल र घोंगी टिप्न गएका निहत्था युवाहरुलाई निकुञ्जका सैनिक सुरक्षाकर्मीले गैरकानूनी रुपमा नियन्त्रणमा लिई बुट, लात्ती, लाठि आदि प्रयोग गरी घोप्टो सुत्न लगाई ढाड, पिठ्युँ र खुट्टा लगायतका शरिरका विभिन्न भागहरुमा निर्मम तरिकाले कुटपिट गरेको, १०० पटकसम्म छिटो छिटो उत्तानो सुत्न, उठ्न र घोप्टो सुत्न लगाएको र जबरजस्ती रुपमा ठुलाठुला मुढा तथा दाउरा बोक्न लगाउनुका साथै मारिदिने धम्की दिई शारिरीक तथा मानसिक यातना दिएको पाईयो । पीडित तथा प्रत्यक्षदर्शीहरुका अनुसार सोही घटनामा सँगै रहेका प्रत्यक्षदर्शी दुईजना महिलाहरुलाई अश्लिल गाली गलौज समेत गरी दुर्व्यवहार गरेको पाईयो ।

२) घटनामा निज सैनिकको यातनाकै कारण थला परेका राजकुमार चेपाङको आर्थिक अभावका कारण समयमै उपचार हुन नसकी यातना पाएको आठौं दिनमा मुत्यु भएको पाईयो ।

**३**) घटनामा मृतक राजकुमार लगायत सात जना निहत्था गाउँलेहरु नेपाली सेनाको उक्त यातना तथा दुर्व्यवहारजन्य कार्यबाट पीडित भएता पनि केवल एक जनाको घटनामा मात्र जाहेरी दरखास्त दर्ता भएको पाइयो ।

४) राजकुमार चेपाङको यातना र हत्याको घटना लगायत सोही घटनामा पीडित अन्य ६ जना विरुद्धको यातना तथा यातनाजन्य दुर्व्यवहारको अनुसन्धान भै पीडितलाई न्याय, उपचार तथा दोषीलाई कानुनी कारवाही हुनु आवश्यक छ ।

राजकुमार चेपाङको यातना तथा हत्या घटनामा समयमै जाहेरी दर्ता हुनु सकारात्मक छ । तर जाहेरी दरखास्त दर्ता गरेर मात्र प्रहरीको कानूनी दायित्वय पुरा हुन सक्दैन् । माथी चर्चा गरिएका कानूनी व्यवस्थाहरुले यस्तो अपराधबारे प्रहरीले जानकारी पाउनासाथ अपराधसँग सम्बन्धित सबुद प्रमाण संकलनका साथै प्रमाणहरु लोप वा नास हुनबाट संरक्षणको लागि अनुसन्धान अधिकारीले समयमै सजगता अपनाउनु जरुरी हुन्छ । यसका लागि घटनासँग सम्बन्धित सबुद प्रमाण लगायत घटनाका आरोपीहरुलाई पक्राउ गरी बयान लिनुपर्ने हुन्छ । यस किसिमको बयानले घटनाको थप अनुसन्धान र अन्य आवश्यक कानूनी कारवाहीका लागि प्रहरीलाई सहयोग पुग्ने हुन्छ ।

चितवन जिल्ला प्रहरी प्रमुखले यस अनुगमन टोलीलाई अनुसन्धान शुरु गरीसकेको भनेको यतीबेला २ महिना पुग्नै लागेको छ । तर एउटै जिल्लामा रहेको सैनिक कार्यालय जस्तो सार्वजनिक निकायको सार्वजनिक पदमा कार्यरत आरोपीहरुसँग अहिलेसम्म पनि प्रहरीले अनुसन्धानका लागि भेटेको, प्रहरी कार्यालयमा बोलाएको वा सोधपुछ बयान गरेको भन्ने कुरा जानकारीमा आएको छैन् । साथै प्रहरीले घटनामा मृतक राजकुमार तथा उनीसँगै रही यातना पाएका पीडित, पीडित परिवार तथा घटनाका प्रत्यक्षदर्शीहरुलाई भेटी घटनाबारे सुचना संकलन समेत गरेको देखिदैन् ।

त्यसैगरी राजकुमार चेपाङ बाहेकका उल्लेखित अन्य ६ जना व्यक्तिहरु पनि नेपाली सेनाबाट यातना तथा यातनाजन्य दुर्व्यवहारका पीडित व्यक्ति हुन् । यसबारे संचारमाध्यम लगायत स्वयम् पीडित

व्यक्तिहरुबाट समेत आम रुपमा सार्वजनिक भैसकेको विषय हो । तर राजकुमार बाहेकको अन्य व्यक्तिहरुमाथी गरिएको यातना तथा दुर्व्यवहार कसुरमा जाहेरी दर्ता भएको अवस्था छैन् । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ४(४) ले अनूसुचि १ अन्तर्गतका कसुर (यातना कसुर अनूसुचि १ भित्रको कसुर हो) मा कसुर भएको कुराको सुचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैले प्राप्त गरेमा सो सम्बन्धमा अनूसुचि ५ मा उल्लेखित विवरण सहितको प्रतिवेदन खडा गर्नुपर्ने र दफा ४(५) मा त्यस्तो प्रतिवेदनलाई कार्यालयको दर्ता कितावमा दर्ता गरी अनुसन्धान कार्य अघि बढाउनु पर्ने कानूनी व्यवस्था छ । तर जिल्ला प्रहरी कार्यालय चितवनले राजकुमार बाहेकका अन्य ६ जना व्यक्तिहरुले सेनाबाट पाएको यातना तथा दुर्व्यवहार विरुद्ध जाहेरी दर्ता समेत गरेको पाईदैन् । यसबाट ती ६ जना यातना पीडितहरुको समेत संविधान तथा कानून प्रदत्त न्याय, उपचार तथा क्षतिपूर्ति प्राप्त गर्ने हकको उल्लंघन हुन गएको छ ।

**५) यातना पीडितहरुको स्वास्थ्य परिक्षणमा भरतपुर अस्पतालका स्वास्थ्यकर्मीहरुले लापरवाहीपूर्ण परिक्षण गरेको देखिन्छ ।**

नेपालको संविधानले स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकमा राखेको छ । अर्थात प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकार छ । त्यसैगरी मुलुकी कार्यविधी संहिताको दफा २२(१) ले कुटपिटका कारणबाट कुनै वारदात भई कसैलाई घाँ, चोट, निल वा डाम इत्यादी भएकोमा सो जाँची पाउँ भनि सम्बन्धित व्यक्तिले निवेदन दिएमा वा अनुसन्धान अधिकारीबाट लेखी आएकोमा सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो व्यक्तिको घाउ, चोटपटक, निल वा डाम जाँची कानूनले तोकेको ढाँचामा घाँ जाँच केश फारम गरिदिनु पर्ने कानूनी व्यवस्था रहेको छ । सोही संहिताको दफा २२(५) ले हिरासतमा कुटपिट वा यातना पाएको व्यक्तिलाई उपचार सहित अन्तरिम राहत उपलब्ध गराउन र यातना दिने व्यक्तिलाई कानुन बमोजिम विभागिय कारवाही गर्न अदालतले आदेश दिन सक्ने कानूनी व्यवस्था गरेको छ ।

त्यसैगरी इष्टानबुल प्रोटोकल (Istanbul Protocol) ले यातना तथा दुर्व्यवहारको स्वास्थ्य परिक्षणको कानुनी महत्व र स्वास्थ्यकर्मीको भुमिका सम्बन्धी मापदण्डहरु तोकिएका छन् । यस प्रोटोकलले स्वास्थ्य परिक्षण गर्दा यातना तथा दुर्व्यवहार पीडितको शरिरका घाउ, चोट, शारिरीक तथा मानसिक अवस्था, घटना सम्बन्धमा उसको भनाई समेतको सम्भव भएसम्म अडियो, भिडियो सहित विस्तृत अभिलेखीकरण गरी गर्नुपर्ने कुरा उल्लेख छ ।

तर प्रस्तुत घटनाका यातना पीडितहरुको स्वास्थ्य परिक्षणमा भरतपुर अस्पतालका स्वास्थ्यकर्मीहरुले लापरवाहीपूर्ण किसिमले परिक्षण गरेको पाईन्छ । घटनाका यातना पीडितहरुले यस अनुगमन टोलीलाई दिएको जानकारी अनुसार उनीहरु दुई दिन चितवन जिल्ला प्रहरी कार्यालयको पत्र लिई स्वास्थ्य परिक्षणकालागि भरतपुर अस्पताल गएका थिए । अस्पतालका स्वास्थ्यकर्मीहरुलाई घटना बारे जानकारी गराउदै आफ्नो शरिरमा भएका घाउ, चोट र निलडाम देखाउँदा पनि स्वास्थ्यकर्मीहरुले गम्भीरतापूर्वक जाँच नगरिदिएको, नहेरीदिएको, एक्सरे आदी नगरिएको र औषधी समेत नदिएको बताएका छन् । यसबाट उक्त अस्पतालका स्वास्थ्यकर्मीहरुले यातना पीडितहरुको स्वास्थ्य परिक्षणमा समान्य चिकित्सकिय दायित्व समेत पुरा नगरी चरम लापरवाही गरेको देखिन्छ ।

## सिफारिस

नेपाल सरकार, चितवन जिल्ला प्रहरी कार्यालय, निकुञ्ज प्रशासन तथा नेपाली सेनाद्धारा :

- घटनामा संलग्न सेना सहित सो घटनामा सघाउने सेनाका जवानहरु विरुद्ध नियमित न्यायिक प्रकृया अन्तर्गत यातना तथा दुर्व्यवहार र गैरकानूनी हत्या कसुरमा मुद्दा दर्ता गरी कानूनी कारबाहीको दायरामा ल्याइनु पर्ने ।
- राजकुमार चेपाङको यातना तथा हत्या सम्बन्धमा दर्ता भएको जाहेरी दरखास्तमाथीको अनुसन्धानलाई प्रभावकारी रुपमा यथाशिघ्र पुरा गरिनुपर्ने र बाँकी ६ जना व्यक्तिहरुले पाएका यातना तथा दुर्व्यवहारका घटनालाई समेत दर्ता गरी अनुसन्धान प्रकृया अविलम्ब शुरु गरिनु पर्ने ।
- मृतक तथा यातना पीडित परिवारलाई उचित राहत, परिपूरण उपलब्ध गराउनु पर्ने र मृतक राजकुमारको नाबालिक छोरीको भरणपोषण, शिक्षादिक्षा र रोजगारीको सुनिश्चितता गर्नुपर्ने ।
- राष्ट्रिय निकुन्ज ऐन २०२९ लाई समयानुकुल संशोधन गर्नुपर्ने ।
- स्थानीय तहको सरकारलाई आफ्नो क्षेत्रको स्रोत साधनको पहुँच र उपभोगबारे संघीय सरकार र निकुञ्जबीच समन्वय आवश्यक देखिन्छ ।
- अल्पसङ्ख्यकको लागि विशेष आरक्षण र उनीहरूको रोजिरोटीको लागि आवश्यक व्यवस्था स्थानीय, प्रदेश र संघीय सरकारले गर्न आवश्यक देखिन्छ ।
- यस्ता प्रकृतिका घटनामा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को धारा १६९ आकर्षित हुनेहुँदा यसको सही व्याख्या र कार्यान्वयन हुन आवश्यक देखिन्छ ।
- माथि उल्लेखित अनुगमन टोली घटनास्थल जाँदा पीडित परिवार र स्थानियले राष्ट्रिय मानव अधिकार आयोगको उपस्थिती खाजेको र काठमाडौंवाट गएको आयोगसँग असम्बन्धित व्यक्तिले आयोगको प्रतिनिधी हुँ यो केस म मिलाउँछु, पीडितलाई मिल्नु पर्छ भनेको थियो भन्ने गुनासो गरेकोले आयोगले यस्ता जघन्य अपराधका घटनाहरुको यथाशिघ्र अनुगमन गर्नु जरुरी दखिन्छ ।

साथै, यस घटनाको राष्ट्रिय मानव अधिकार आयोगद्धारा यथाशिघ्र छानविन अनुसन्धान पुरा गरी घटना सम्बन्धी सत्यतथ्य बिवरण सहितको प्रतिवेदन सार्वजनिक गर्न सिफारीस माग गर्दछौं ।

# अनुसुचि

## फोटो तथा सम्बन्धित कागजपत्रहरु :



**मृतक राजकुमार चेपाङको घर**



श्री जिल्ला प्रहरी कार्यालय चितवनमा पेश गरेको

जाहेरी दरखास्त

१ जाहेरी दरखास्त वा सुचना दिने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) फोन नम्वर :- मानसिंह प्रजाको छोरा चितवन जिल्ला राप्ती नगरपालिका वडा नं २ मिलनटोल वस्ने वर्ष ४२ को विष्णुलाल चेपाङ ।

२ कुन कानुन वा मुद्दा वारे दरखास्त वा सुचना गरेको हो :- कुटपिट गरी मृत्यु ।

३ कसुर गर्ने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) : - चितवन जिल्ला राप्ती नगरपालिका वडा नं १ लिगलिगे पोष्टमा कार्यरत नाम थर थाहा जानकारी नभएको ६ जना नेपाली सेनाका मानिसहरु ।

४ कसुर गर्ने व्यक्तिको वावु आमाको नाम :

५ कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :

६ कसुर सम्वन्धी विवरण :-

क) कसुर भएको ठाउँ मिति र समय :- चितवन जिल्ला राप्ती नगरपालिका वडा नं १ लिगलिगे पोष्ट नजिक खोलमा मिति २०७७।०४।०१ गते दिनको अं १ वजेको समयमा ।

ख) कसुरसँग सम्वन्धित घटनाको विवरण :- म जाहेरवाला विष्णुलाल चेपाङको छोरा चितवन जिल्ला राप्ती नगरपालिका वडा नं २ मिलनटोल वस्ने वर्ष २४ को राजकुमार चेपाङ समेत मिति २०७७।०४।०१ गतेका दिन दिउसो करिव १ वजेको समयमा घुगी टिप्न भनी चितवन जिल्ला राप्ती नगरपालिका वडा नं १ लिगलिगे पोष्ट नजिक रहेको ज्युडी खोलामा गएकोमा सोही पोष्टमा कार्यरत नाम थर ठेगाना थाहा नभएका नेपाली सेनाका ६ जना सिपाईहरुले तँ यहाँ किन आएको भनी आवेशमा आइ एक्कासी मेरो छोरा राजकुमार चेपाङ समेतलाई लठ्ठी र बुठले शरिरको विभिन्न भागमा मरणासन्न


हुने गरी कुटपिट गरी छोडि दिएकोमा मेरो छोरा घरमा आएपछि वढी चोटपटकं खप्न नसकी छटपटाउन थालेपछि उपचारको लागी भरतपुर अस्पतालमा ल्याएकोमा उपचारको क्रममा छोरा राजकुमार चेपाङको मिति २०७७।०४।०८ गते बिहान ९ वजेको समयमा मृत्यु हुन गएको अवस्था छ । मृतक छोराको शरिरको विभिन्न भागमा नेपाली सेनाहरुले के कुन कारणले कुटपिट गरी निजहरुको सोही कुटपिटका कारण छोराको मृत्यु समेत हुन पुगेको छ । चितवन जिल्ला रासी नगरपालिका वडा नं १ लिगलिगे पोष्टमा रहेका सिपाइहरुले छोराको शरिरमा निलडाम चोटपटक हुने गरी मरणासन्न हुने गरी कुटपिट गरेको हुदा अन्यायीहरुलाइ यस कार्यालयवाट अनुसन्धान गरी नाम थर ठेगाना समेत खुलाउन लगाई कानुन वमोजिम अन्यायीहरुलाई हदैसम्मको सजायँ जरिवाना गरी मृतक छोरा राजकुमार चेपाङको जातिय परम्परा अनुसार सेतगद गर्नको लागी लास वुझि लैजान पाउँ ।

ग) कसुरको प्रकृति र कसुरसँग सम्वन्धित अन्य विववरण :-

घ) कसुरसँग सम्वन्धित सवुत प्रमाण :- लास जाँच पोष्टमार्टम गरी पाउँ

ङ) कसुरसँग सम्वन्धित अन्य विवरण : स्थानिय मानिसहरु वुझी पाउँ ।

चि.जि. रासी नगरपालिका वडा नं २ वस्ने अं वर्ष की डिलमाया चेपाङ ...१

चि.जि. रासी नगरपालिका वडा नं २ वस्ने अं वर्ष को गम वहादुर मगर...१

चि.जि. रासी नगरपालिका वडा नं २ वस्ने अं वर्ष को सन्तलाल प्रजा ....१

चि.जि. रासी नगरपालिका वडा नं २ वस्ने अं वर्ष की पुर्णिमाया चेपाङ ...१

चि.जि. रासी नगरपालिका वडा नं २ वस्ने अं वर्ष को पुर्ण चेपाङ .........१

७ यो दरखास्तको व्यहोरा ठिक साँचो छ झुठा व्यहोरा लेखेको ठहरे कानुन वमोजिम सजायँ सहुला वुझाउला । प्रहरीद्धारा अनुसन्धान हुदा वा अदालतमा मुद्दा चल्दाको वखत उपस्थित हुनु पर्ने जनाउ पाएमा सो वमोजिम उपस्थित हुनेछु ।

जाहेरी वा सुचना दिने व्यक्तिको

नाम :- विष्णुलाल चेपाङ

सही

इति सम्वत् २०७७ साल श्रावण महिना ८ गते रोज ५ शुभम ......................

**राजकुमारका बुबाले छोरालाई सेनाले कुटपिट गरी यातनाका कारण मृत्यु भएको भनि जिल्ला प्रहरी कार्यालय चिवनमा दिएको जाहेरी दरखास्त ।**



मृतक राजकुमारका बुबा विष्णु





पीडितका बुवा तथा स्थानीयसँग छलफल

## राजकुमारको परिवारलाई राहत उपलब्ध गराउने विषयमा भएको सहमती पत्र



आज मिति २०७८।०४।१६ गतेका दिन घोगीं टिप्ने क्रममा चितवन राष्ट्रिय निकुञ्जको निषेधित इलाका भित्र प्रवेश गरेका स्थानीय बासिन्दाहरू र निकुञ्ज प्रशासन बीच देखिएको मिति २०७८।०४।०७ का दिन सिर्जित द्वन्द्व विवाद, र तत्पश्चात द्वन्द्वमा पीडित बनेका राजकुमार चेपाङको मिति २०७८।०४।०८ गतेका दिन भएको मृत्युका कारण चुलिँदै गएको स्थानीय बासिन्दा सहितको मृतक परिवार तथा निकुञ्ज प्रशासन बीच विवाद समाधानको लागि छलफल गर्न बसेको बैठकमा निम्नानुसारको उपस्थिति रहेको छ।

तपसिल

प्रमुख संरक्षण अधिकृत श्री नारायणप्रसाद रुपाखेती, चि.रा
प्रमुख सेनानी श्री अरुण श्रेष्ठ, वटुकदल गण
अध्यक्ष, चि० रा० नि०, म. क्षे. व्यवस्थापन समिति, श्री प्रकाश दु
अध्यक्ष, " " लोथर उ० स० श्री मानबहादुर स्या
मृतकको बाबु श्री बिष्णुलाल चेपाङ
नेपाल चेपाङ संघ प्रदेश अध्यक्ष श्री खुशिलाल प्रजा
पूर्व गा.वि.स. पिप्ले, ने. चेपाङ संघ अध्यक्ष बलराम प्र
राप्ती न.पा.; नेपाल चे.संघ उपाध्यक्ष श्री प्रेमबहादुर प्र

(१)

मृतकको काका श्री डिलबहादुर चेपाङ
अध्यक्ष, नेपाल चेपाङ संघ चितवन श्री भीमबहादुर चेपाङ
अध्यक्ष, नेपाल आ.ज. महासंघ श्री खुशीराम थापा

छलफलका विषयहरू

क. राजकुमार चेपाङको मृत्युको कारण ठहर भएमा दोषी उपर कानुन बमोजिम कारवाही गर्ने
ख. मृतक परिवारलाई राहत
ग. मृतकको ना.बा. छोरीको शिक्षामा सहयोग
घ. मृतक परिवारको घर निर्माणमा सहयोग

उपरोक्त बमोजिमको उपस्थिति तथा निम्नानुसार व्यक्तिहरूको रोहवरमा भएको आजको यस छलफलमा निम्नानुसार निर्णय गरियो।

निर्णय नं. १

घोंगी टिप्न जंगल जाँदै गर्दा चितवन राष्ट्रिय निकुञ्जको निषेधित इलाका भित्र प्रवेश गर्न पुगे राजकुमार चेपाङको कुटपिट भएकै कारण मृत्यु भ

(२)

पुगेको हो भन्ने निज राजकुमार चेपाङ सँगै घोगी टिप्न
गएका मानिसहरूको भनाई रहेकोले सो सम्बन्धमा नाहिर
समेत भएको हुँदा यस सम्बन्धमा निष्पक्ष छानबीन
र अनुसन्धान गरी, दोषी उपर कानून बमोजिम कारवाह
गर्ने ।

निर्णय नं. २

मृतक राजकुमार चेपाङको प्रा.वि. छोरी विद्यालय ज
उमेर नपुग्दा सम्म निजको भरणपोषण र तत्पश्च
अध्ययनलाई निरन्तरता दिइरमा १०+२ सम्मको ला
चितवन राष्ट्रिय निकुञ्जले सहयोग गर्ने ।

निर्णय नं. ३

मृतक राजकुमार चेपाङको परिवारको राहतको लागि
घर निर्माण कार्यमा चितवन राष्ट्रिय निकुञ्जबाट निर्मा
सामग्री उपलब्ध गराउने, मध्यवर्ती क्षेत्र उपभोक्त
समितिले घर निर्माणमा सहजीकरण गर्ने ।

निर्णय नं. ४

चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र उपभोक्त
समिति बाट यस पूर्व उपलब्ध गराउने भनी सहमत

भई सकेको किरीया खर्च समेत गरी रु.७,००,०००/-
(अक्षरेरुपी सातलाख) र राप्ती नगरपालिकाको तर्फ
बाट राहत सहयोग रु.३००,०००/- (अक्षेररूपी तीनलाख
गरी जम्मा रु. १०,००,०००/- (अक्षेररूपी दश लाख)
मृतक परिवारलाई राहत स्वरूप उपलब्ध गराउने ।
उपरोक्त बमोजिम को राहत रकम लाई मृतकको
नावालिग छोरी तथा मृतक परिवारको उच्चतम
हीत हुने गरी उपयोग गर्न लगाउने ।

निर्णय नं. ५

मृतक परिवारले मृतकको शव बुझी आफ्नो परम्पर
अनुसार अन्तिम क्रिया गरी हुन्दे । विवाद समाधान
गर्ने ।

रोहबर

राप्ती नगरपालिका प्रमुख, श्री प्रभा बराल
राप्ती नगरपालिका उप प्रमुख श्री इमानसिंह लामा
अध्यक्ष नेपाल कम्युनिष्ट पार्टि (नेकपा) श्री थम परियार
सभापती, नेपाली काँग्रेस श्री जितनारायण श्रेष्ठ
वडाध्यक्ष, राप्ती नगरपालिका-१२ श्री अर्जुन प्रजा
वडाध्यक्ष, राप्ती नगरपालिका-२ श्री श्यामसुन्दर उप्रेती